नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

## प्रशिक्षकको सूचि (Roster) मा नाम समावेश गर्नेसम्बन्धी सूचना ।

वेवसाइटमा सूचना प्रकाशित मितिः- २०८०/०८/०८

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सन्चालन कार्यविधि,२०७७ को दफा ३२ बमोजिम यस केन्द्रबाट चालू आ.ब. २०८०/८१ मा सन्चालन हुने विभिन्न विषयका सीप विकास तालिम सन्चालन गर्न आवश्यक पर्ने प्रशिक्षकको सूचि (Roster) तयार गर्नुपर्ने भएकोले सम्बन्धित विषयको प्रशिक्षकको सूचिमा समावेश हुन इच्छुक व्यक्तिहरुले तपसिलमा तोकिए बमोजिमको दरखास्त फाराम भरी तपसिल बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस केन्द्रको इमेल ठेगाना mcsipctrainer2080@gmail.com मा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।अघिल्लो आ.ब. हरुमा आवेदन दिई रोष्टरमा समावेश हुनु भएका प्रशिक्षकहरु समेत यो रोष्टरमा सूचिकृत हुन चाहेमा यसै सूचना बमोजिमको म्याद भित्र आवेदन दिनुहुन समेत सूचित गरिन्छ ।

**आवश्यक कागजातहरुः**

१. दरखास्त फाराम,
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
४. सम्बन्धित तालिमको बिषयको अनुभव/तालीम/ सीप परीक्षण तह/व्यवसायिक योग्यता प्रमाणित गर्ने कागजातहरुको प्रतिलिपि ।
५. अन्य आवश्यक कागजातहरु ।

**द्रष्टव्यः**

क. यस केन्द्रमा पर्न आएका दरखास्त उपर छानवीन गरी सूचि (Roster) निर्माण गरिनेछ ।
ख. रीत नपुगेको दरखास्त फाराम उपर कुनै कारवाही गरिने छैन ।
ग. सूचिमा नाम समावेश गर्ने/नगर्ने अन्तिम अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।
घ. सूचिमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट आवश्यक परेमा मात्र प्रशिक्षण कार्यका लागि प्रशिक्षकको रुपमा खटाउन सकिनेछ ।
ङ. अन्य कुराहरु प्रचलित कानूनबमोजिम हुनेछ ।
च. फरक-फरक विषय र स्थानको प्रशिक्षकको सूचि (Roster) मा समावेश हुन छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्ने छ।
छ. इमेलमार्फत् कागजातहरु पठाउँदा Subject मा "आफूसँग सम्बन्धित विषयको प्रशिक्षकको रोष्टर" भनी उल्लेख गर्नुपर्नेछ ।(जस्तैः- कफि बारिष्टा विषयको प्रशिक्षकको रोष्टर)
ज. इमेलमार्फत् कागजातहरु पठाउँदा सबै कागजातहरुलाई एउटै pdf फाईलमा संलग्न राखेर ईमेलमा attach गरी पठाउनु पर्नेछ ।
झ. इमेलमार्फत् पठाइएका कागजातहरु प्रष्ट बुझिने र उल्लेख गरेको हुनुपर्नेछ । अन्यथा सूचिमा समावेश गरिने छैन ।
ञ. विवरणहरु संसोधन गर्नुपर्ने भएमा म्यादभित्रै पुनः दरखास्त पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ट. केन्द्रले प्रत्येक आर्थिक वर्षमा रोष्टरको निर्माण वा अद्यावधिक गर्न सूचना प्रकाशित गर्न सक्नेछ ।

ठ. अघिल्लो आ.व.मा दरखास्त पेश गर्नुभएका प्रशिक्षकहरुले आफ्नो विवरण अद्यावधिक गर्नुपर्ने भएमा पुन दरखास्त एवं कागजातहरु संलग्न राखी म्यादभित्रै इमेल मार्फत पेश गर्न सकिनेछ ।

ड. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सन्चालन कार्यविधि,२०७७ ले तोकेको योग्यता पुगेका आवेदकहरुलाई मात्र Rooster मा समावेश गरिनेछ ।

ढ. केन्द्रले Rooster मा समावेश हुने प्रशिक्षकहरुमध्ये आवश्यकतानुसार दरखास्त फारममा उल्लेख गरेको मोबाईल नंबर वा ईमेलमार्फत सम्पर्क गर्नेछ ।

ण. रोष्टरमा समावेश भएकै कारणबाट प्रशिक्षण कार्यमा सहभागी गराइने सुनिश्चितता हुनेछैन । तालीम कार्यक्रममा उपयुक्त प्रशिक्षक छनौट गर्ने अधिकार यस केन्द्रलाई मात्र हुनेछ ।

<u>तालीमका विषयहरु:-</u>

| सि.न. | तालिमको नाम | तालिम संचालन हुने स्थान | सि.न. | तालिमको नाम | तालिम संन्चालन हुने स्थान |
|---|---|---|---|---|---|
| १ | हाउस वायरिङ्ग | काठमाडौं, कास्की, पर्सा | ११ | मोटरसाईकल मर्मत | काठमाडौं |
| २ | खाद्य प्रशोधन | काठमाडौं, रौतहट | १२ | कफि बारिष्टा | काठमाडौं, चितवन |
| ३ | बेसिक प्याट्रन सिलाई | काठमाडौं, पर्सा, धादिङ | १३ | बेकरी बेसिक | काठमाडौं,बाँके |
| ४ | एडभान्स प्याट्रन सिलाई | काठमाडौं, चितवन,महोत्तरी | १४ | बाँसजन्य सामाग्री बनाउने | ताप्लेजुङ,मोरङ,सिराहा |
| ५ | फेसन डिजाईन | काठमाडौं | १५ | गुडिया बनाउने | बाँके, धनुषा |
| ६ | कृस्टल सामाग्री | कन्चनपुर | १६ | बारबार (कपाल काट्ने) | काठमाडौं,कैलाली,सुर्खेत,सिराहा,सुनसरी |
| ७ | ब्युटिसियन बेसिक | काठमाडौं,दार्चुला,सुनसरी,पर्सा | १७ | साबुन बनाउने | पाल्पा,पाँचथर, पर्वत |
| ८ | ब्युटिसियन एडभान्स | काठमाडौं, कन्चनपुर, नवलपरासी, मकवानपुर | १८ | कम्प्यूटर विधिबाट काठ काट्ने | ललितपुर |
| ९ | प्लम्बिङ्ग | सर्लाही, रुपन्देही, सुनसरी | १९ | लेजर विधिबाट काठ काट्ने | ललितपुर |
| १० | मोबाईल मर्मत | काठमाडौं | २० | कम्प्यूटर मर्मत | कन्चनपुर |

<u>केन्द्रको सम्पर्क ठेगाना</u> :- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वर, काठमाडौं

फोन नं.:- ०१-५३५६९३१

वेवसाइट:- **www.mcsipc.gov.np** इमेल:- mcsipctrainer2080@gmail.com

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र त्रिपुरेश्वर, काठमाडौं

कार्यकारी अधिकृत

## दरखास्त फारामको ढाँचा

श्रीमान् कार्यकारी अधिकृत ज्यू,

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

मितिः- २०८०।०८।

**विषयः- प्रशिक्षकको सूचि (Roster) मा नाम समावेश गर्ने बारे ।**

केन्द्रको मिति .................. को प्रकाशित सूचनाबमोजिम आ.व २०८०।०८१ मा ............. स्थानमा संचालन हुने .......................विषयको प्रशिक्षकको सूचि(Roster) मा आवद्ध हुन इच्छुक भएकोले नाम सूचिकृत गरी दिनुहुन देहायका कागजात सहित यो निवेदन पेश गरेकौ छु ।

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

३. अनुभव/तालीम/ सीप परीक्षण तह/व्यवसायिक योग्यता प्रमाणित गर्ने कागजातको प्रमाणित प्रतिलिपि ।

४. अन्य आवश्यक कागजातहरु ।

<u>मेरो वैयक्तिक विवरण यसप्रकार छ:</u>

१. निवेदकको नाम, थर (नेपालीमा):

२. निवेदकको नाम, थर (अङ्ग्रेजीमा): जन्ममिति:

३. स्थायी ठेगाना:

नागरिकता नं.:- जारी मिति/जिल्ला :-

४. हाल बसोबास रहेको ठेगाना :-

५. जिल्ला: स्थानीय तह: वडा नं.:- टोल:-

६. सम्पर्क मोबाईल नं.:- इमेल:-

७. शैक्षिक योग्यता:-

| क.सं. | उपाधि | अध्ययन गरेको संस्थाको नाम ठेगाना | उत्तिर्ण गरेको वर्ष/श्रेणी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

८. तालीम:

| क.सं. | तालीम दिने संस्थाको नाम र ठेगाना | तालीमको नाम | तालीमको अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

९. सीप परीक्षण :

| क.स. | सीप परीक्षण गर्ने संस्थाको नाम र ठेगाना | सीप परीक्षणको नाम | सीप परीक्षण तह | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

१०. कार्य अनुभव:

| क.सं. | कार्यरत संस्थाको नाम ठेगाना | पद | अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

मैले पेश गरेको विवरण ठीक साँचो हो । फरक परे कानूनबमोजिम सहुँला, बुझाउँला ।

निवेदकको

नाम:

दस्तखत: